# स्थानीय राजपत्र

## भाग-२

अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

## अपिहिमाल गाउँपालिका

खण्ड:२ संख्या: ४ मिति:२०७७/१०/११

# अपिहिमाल गाउँपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७७

| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७७/१०/११ |
|---|---|

अपिहिमाल गाउँपालिका

दार्चुला जिल्ला

सुदुरपश्चिम प्रदेश

# अपिहिमाल गाउँपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७७

**पृष्ठभूमि**

यस अपिहिमाल गाउँपालिका प्रकृतिक श्रोत र साधनले (जल, जमिन जंगल) सम्पन्न गाउँपालिका भएपनि व्यवसायिक रुपमा पशुपंक्षि पालन कार्यक्रम सञ्चालन हुन नसक्दा गाउँपालिकाको कुल ग्राहस्थ उत्पादनमा यस क्षेत्रले दिनुपर्ने योगदान दिन नसकेको र प्रशस्त मात्रामा रोजगारी सृजना गर्न सक्ने आधार हुँदाहुदै पनि बेरोजगारीका कारणले ठुलो श्रम शक्ति रोजगारीका शिलसिलामा देश तथा विदेशमा गई न्यून ज्यालामा काम गर्नुपर्ने अवस्थाको अन्त्य गरी व्यवसायीक रुपमा पशुपंक्षि पालनका माध्यमबाट स्वरोजगार तथा आय आर्जन कार्यक्रम सञ्चालन गर्न अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्न बनेको ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि अपिहिमाल गाउँपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७७ तयार गरी लागु गरिएकोछ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "अपिहिमाल गाउँपालिका पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि अपिहिमाल गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२ परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

क) "पशु विकास कार्यक्रम सञ्चालन" भन्नाले कृषि क्षेत्रमा आकर्षित गर्न प्रविधि, तालिम तथा बीउ पूँजि सहितको व्यवसायिक पशु उत्पादन (व्यावसायिक गाई भैसी पालन, व्यवसायिक भेडा, बाख्रा र कुखुरा ) बजार प्रवर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

ख) "कार्यविधि" भन्नाले अपिहिमाल गाउँपालिका अन्तर्गत सञ्चालित पशु विकास कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले गाउँकार्यपालिका भित्र गठित पशु विकास कार्यक्रम हेर्ने समितिलाई बुझ्नुपर्छ ।

घ) "स्कीम/परियोजना" भन्नाले पशुपंक्षि पालन व्यवसाय सञ्चालन तथा बजार प्रवर्द्धन र कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव बुझ्नु पर्दछ ।

**३. उद्देश्यः यस कार्यविधिका उद्देश्यहरु देहाय वमोजिम रहेका छन्ः**

(क) भेडा, बाखापालन, तथा पशुपंक्षी बजार प्रवर्द्धन सम्बन्धी व्यवसाय सञ्चालनको लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

(ख) स्वदेशमा स्वरोजगारका अवसरहरु श्रृजना गरी रोजगारीको लागि विदेशिने क्रम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

(ग) पशु उत्पादन तथा उत्पादकत्व, आय आर्जनमा टेवा पुऱ्याइ कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

(घ) मासु र ऊनमा आत्मनिर्भर गाउँपालिका बनाउने ।

**परिच्छेद- २**

**पशु विकास व्यवसायिक भेडा, बाखा प्रवर्द्धन कार्यक्रम**

**४. भेडा, बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया**

**क) कार्यक्रम संचालन हुने स्थान:** अपिहिमाल गाउँकार्यपालिकाबाट कुनै वडा वा ठाउँलाई पकेट क्षेत्र तोकेर स्थान स्वीकृत भएपछि पशुसेवा शाखाले समुह गठन गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

**ख) कार्यक्रम संचालन अवधि:** यो कार्यक्रम अपिहिमाल गाउँपालिकाबाट निर्णय गरे बमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

**५) व्यावसायिक भेडा, बाखा फार्मको वर्गीकरण:** यस कार्यक्रम अन्तर्गत व्यावसायिक भेडा, बाखा फार्महरुलाई निम्नानुसार वर्गिकरण गरिने छ.

**(क) निजी व्यावसायिक भेडा, बाखापालन फार्म :** यस कार्यक्रमको प्रयोजनको लागि न्यूनतम् ४० वटा प्रजनन् योग्य माउ भेडा, बाखापालन गरिरहेका वा सो संख्यामा भेडा, बाखापालन गरी व्यवसाय शुरु गर्ने फार्महरुलाई निजी व्यावसायिक भेडा, बाखा फार्म मानिने छ ।

**(२) समुह वा समितिमा गठन तथा संचालन :**

क) कार्यकम संचालनको लागि पशू सेवा शाखाले कृषक समुह/समितिमा कम्तिमा १५ देखी २५ जना सदस्य भएको समुह समिति गठन गर्न सक्नेछ । र प्रत्येक कृषक सदस्यसँग औसतमा २० वटा प्रजनन् योग्य माउ भेडा, बाखा भएको वा सो संख्यामा भेडा बाखापालन गरी व्यवसाय शुरु गर्ने समूह/समिति अन्तर्गतका फार्महरुलाई व्यावसायिक मानिने छ ।

ख) समुह गठन गर्दा कार्यकमको उदेश्य अनुरुप लक्षित समुह (गरिबीको रेखा मुनी रहेका, महिला, दलित, जनजाती, अल्पसङ्ख्यक, बैदेशिक रोजगारबाट फर्किएका,कोरोनाका कारण बैदेशिक रोजगारमा जान नसकेका, १८ देखी ५० बर्ष सम्मका युवाहरु) लाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

ग) समुह गठन गरीसके पछि पशुसेवा शाखामा दर्ता गर्नु पर्नेछ । समुहको दर्ता, संचालन, परिचालन पशुसेवा शाखाले तोके बमोजिम हुनेछ ।

घ) समुह समितिहरुलाई आवश्यकता अनुसार पशुसेवा शाखाले उद्यमशीलता बिकास तालिम समेत दिनु पर्नेछ, साथै नियमित अनुगमन ,निर्देशन तथा व्यवसायिक परामर्श सेवा, औषधी उपचार सेवा ,घुम्तिकोष संचालन जस्ता व्यवसायिक कृयाकलापमा नियमित सहयोग गर्नु पर्नेछ ।

**घ) कार्यक्रमबाट उपलब्ध गराइने अुनदान रकम**

(१) यस अपिहिमाल गाउँपालिका १ वडा १ उत्पादन कार्यक्रम भित्र प्रक्रियागत रुपमा छनोटमा परेका व्यवसायीहरुलाई व्यवसायीको आर्थिक, सामाजिक, भौतिक अवस्था हेरी अनुदान उपलव्ध गराईनेछ ।

(२) समुह/समितिमा व्यावसायिक भेडा, बाखापालन स्थापना वा सुदृढिकरणका लागि पशु सेवा शाखाले बार्षिक बजेटको अधिनमा रहि आवश्यक रकम अनुदान स्वरुप उपलब्ध गराउने छ ।

(३) समुह, समितिका सदस्यहरुले कम्तीमा २०% स्व लगानी गर्नु पर्नेछ

**ङ) अनुदान रकमको उपयोग :** यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले भेडा, बाखाको खोर निर्माण/सुधार, जैविक सुरक्षाको लागि फेन्सिङ, डिपिङ ट्याक, घाँस विकास तथा नर्सरी स्थापना, औसधी उपचार गर्न, प्रजनन् बोका, थुमा खरिद र कृतिम गर्भधारण व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट भेडा, बाखाको दाना, खनिज पदार्थ लगायतका खपत हुने सामग्रीहरु खरिद गर्न भने पाइने छैन ।

**च) कार्यक्रम संचालन प्रकृया**

**१) प्रस्ताव आव्हान :** यस अपिहिमाल गाउँपालिका १ वडा १ उत्पादन कार्यक्रमका लागि छनोट भएका वडाका वडा समितिको रोहवरमा सम्बन्धित वडा भित्र व्यवसायिक रुपमा व्यवसाय गर्दै आएरहेका कृषकहरुको निश्चित मापदण्ड पुरा गरी समुह गठन मार्फत कार्यक्रम संचालन गरिनेछ ।

**छ) प्रस्तावहरुको स्वीकृती:**

१) १ वडा १ उत्पादन कार्यक्रम सचालन तथा कार्यन्वयन गर्न अनुसुची-३ बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धीत पशु विकास शाखाको हुनेछ ।

**ज) मूल्यांकनका आधारहरुः** मुल्याङकनका आधारहरु तोकिए अनुसार हुनेछन ।

## परिच्छेद-३

**५. पशु विकास कार्यक्रम अन्तर्गत पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम सन्चालन प्रकृया :**

क) पशुपक्षी बजार प्रवद्धनका लागि तपशिल अनुसारका कार्यक्रमहरु अनुदान रकम उपलब्ध गराईनेछ।

१ चिलिंग भ्याट स्थापना तथा सञ्चालन
२ डेरी पसल निर्माण/सुधार
३ मासु पसल निर्माण/सुधार
४ छाला संकलन
५ स्थानीय स्तरमा जुत्ता तथा छालाका सामाग्रीहरु उत्पादन
६ स्थानिय स्तरमा भेंडाको ऊन प्रशोधन तथा सामाग्री उत्पादन
७ विविध पशुजन्य उत्पादनहरुको बजारीकरण सम्बन्धि कायक्रमहरु

ख) स्विकृत बार्षिक कार्यकम बजेटमा उल्लेखित रकमको आधारमा सार्वजनिक निजी साझेदारीमा अनुदान बितरण गरिनेछ ।

ग) फर्मको प्रोपाइटर भएपनि समुहमा आउँदा समुहको सदस्य हुनेछ ।

घ) समुहको सयुक्त बैक खाता कार्यविधीमा उल्लेख भए अनुसार स्व लगानी बैक भौचर जम्मा भएमा मात्र समुहसँग अनुसुची ३ बमोजिम द्विपक्षिय सम्झौता हुनेछ ।

ङ) कार्यप्रगति र सम्बन्धित कार्यालयको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम २ किस्तामा उपलब्ध गराईनेछ । पहिलो ५० प्रतिशत रकम सुरुको ५० प्रतिशत कार्य समाप्त भए

अपिहिमाल गाउँ पालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

पछी र बाँकीको ५० प्रतिशत रकम कार्य सम्पन्न भए पछी उपलब्ध गराईनेछ वा सम्झौता मुताविकका सम्पूर्ण काम सम्पन्न भैसकें पश्चात आवश्यक कागजात र बिल भर्पाईको आधारमा एकमुष्ट भुक्तानी दिईनेछ ।

च) अपिहिमाल गाउँपालिका एक वडा एक उत्पादन कार्यक्रम अर्न्तगत समुह गठन भईसमुहहरुलाई अनुसुची ३ बमोजिम सम्झौता गर्ने दायित्व अपिहिमाल गाउँपालिकाको हुनेछ ।

**६) अनुगमन तथा मूल्याङ्कन समिति सम्बन्धि व्यवस्था**

१) अपिहिमाल गाउँपालिका पशु विकास शाखा मार्फत संचालन गरिने सम्पूर्ण योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याडकन गर्न तपशिल अनुसारको अनुगमन तथा मूल्याडकन समिति रहनेछ ।

क) गाउँपालिका उपाध्यक्ष - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि १ जना - सदस्य

ग) कृषि विकास शाखाको प्रमुख १ जना - सदस्य

घ) योजना शाखा प्रमुख १ जना - सदस्य

ङ) पशु विकास शाखा प्रमुख १ जना - सदस्य सचिव

२) अनुगमन तथा मुल्याङ्कन समितिको स्थलगत अध्ययन तथा फिल्ड भेरीफिकेसनको आधारमा भुक्तानी वा रोक्काको लागि सिफारिस गर्नेछ ।

**७ अनुगमन सम्बन्धी व्यवस्था:**

क) गाउँपालिकाबाट सञ्चालित अनुदानका कार्यक्रमहरुलाई नियमित रुपमा अनुगमन गरिनेछ ।

ख) अनुगमन गर्दा अपनाउनु पर्ने कार्यबिधि अनुगमन समितिबाट तयार गरिनेछ ।

ग) पशु विकास शाखामा कार्यक्रम संचालनको लागि समहुमा छनौट भएका सदस्यहरुको फिल्ड भेरिफिकेसनको लागि सम्वन्धित ठाउँमा गएर स्थलगत अध्ययन गर्ने जिम्मेवारी अनुगमन समितिको हुनेछ ।

## विविध

**८. कार्वाहीको व्यवस्था** : यस अपिहिमाल गाउँपालिका १ वडा १ उत्पादन कार्यक्रम अर्न्तगत अनुदान प्राप्त गरेका समुहको सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित ऐन, नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ ।

**९. प्रचलित कानून लागु हुने** : कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**१०. कार्यविधि संशोधन तथा परिमार्जन** : अपिहिमाल गाउँपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संशोधन गर्न सक्नेछ ।

**११. विमा** : हरेक समुह अन्तर्गत पशुहरुको अनिवार्य रुपमा पशु बिमा गराउनु पर्नेछ ।

**१२. फार्म समुह दर्ता तथा नविकरण प्रकिया:** यस गाउँपालिकामा पशुपक्षि फार्म तथा समुहदर्ता एवम नविकरण तोकिएको प्रकिया बमोजिम हुनेछ ।

१३.**सहजकर्ताको व्यवस्था** : यस गाँउपालिकाको पशु बिकास शाखाबाट संचालित कार्यक्रमको सहजिकरणको लागि एक जना पशु बिकास प्राविधिक सहजकर्ताको नियुक्ति गरिनेछ ।

१४. क) **सहजकर्ताको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।**

१) समुहहरुको मासिक बैठकमा सहजिकरण गर्ने ।

२) औषधी उपचार हितकोष खडा गरी चरिचालन गर्ने ।

३) मासिक बचत गराउने ।

४) समहुको कार्ययोजना बनाई कार्ययोजना अनुसार कार्यक्रम सचालन गर्ने ।

५) समुहहरुमा स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी पृष्ठपोषण दिने ।

६) शाखाको कार्यक्रम संचालन प्रक्रियालाई उदेश्यमुलक बनाउन सहयोग गर्ने ।

७) मासिक प्रतिवेदन शाखामा पेश गर्ने ।

ख) उक्त कार्यक्रम संचालन गर्न सम्वन्धित पशु सेवा शाखा हेर्ने प्रमुख १ जना र समुहका अध्यक्ष, सचिव, कोषाध्यक्ष मध्येबाट २ जना गरी ३ जनाको संयुक्त हस्ताक्षरबाट खाता संचालन गरी कार्यक्रम संचालन गरिनेछ ।

ग) एक वडा एक उत्पादन कार्यक्रम अर्न्तगत व्यावसायीहरुको हितको लागि औषधी उपचार हितकोष स्थापना खडा गरिनेछ । जसमा सुरुवातमा कार्यक्रमबाट प्रति समुहलाई नगद रु ४०,०००।- (चालिस हजार ) र समुहको स्व लगानी वापत प्रति समुह रु १०,०००।- (दश हजार) गरी जम्मा ५०,०००।- (पचास हजार)को कोष खडा गरिनेछ । उक्त कोषको रकम खर्च गर्दा सम्बधित सामाजिक परिचालकको रोहवरमा वास्तविक खर्चका विल भरपाईहरु सम्वन्धित समुहमा पेश गरि सकेपछि समुहले अनुमोदन गरेमा मात्र भुक्तानी दिन सकिनेछ ।

१५. **सहजकर्ताको पारिश्रमिक सम्वन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।**

मासिक रु १५,०००।-

सचार खर्च रु २००।-

फिल्ड भट्टा रु २००० ।-

जम्मा रु १७,२००।-

अनुसूची - १

**पशु उत्पादन भेडा,बाखा प्रवर्द्धन/पशुबजार प्रवर्द्धन सम्वन्धि कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र**

श्रीमान् कार्यालय प्रमुखज्यू,

अपिहिमाल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ......................

विषय : पशुपन्छी विकास अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ...................................... कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित

प्रकृया अनुसार सम्वन्धित गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्च: तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपसिल

१. अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

३. फर्म/समुह/समिति/सहकारी सम्वन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपी वा व्यक्तिगत कृषक

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदि) को प्रतिलिपीहरु

५. वदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोटको प्रतिलिपि

६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव

७. पर्यावरणीय असरको न्यूनीकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धि विवरण

८. समुह/समिति/सहकारीका सदस्यहरुको परियोजना पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता

निवेदकको

नाम:

दस्तखत :

संस्था/व्यक्तिःठेगाना:

अनुसूची - ३

**पशु उत्पादन भेडा, प्रवर्द्धन/बाख्रा प्रवर्द्धन/पशुबजार प्रवर्द्धन सम्वन्धि कार्यक्रमको अवधारणाको संक्षिप्त व्यावसायिक कार्ययोजना**

**व्यावसायिक भेडा, बाख्रा फार्म प्रवर्द्धन कार्यक्रम**

**१. व्यावसायको परिचय**

**२. उद्देश्यहरु**

**३. भेडा, बाख्रापालन व्यवसायमा अनुभव**

**४. व्यवसाय संचालन गरिने स्थानको संक्षिप्त विवरण**

**५. व्यावसाय संचालनका लागि रहेका पूर्वाधारहरु**

**६ सहकार्यमा संचालन गरिने प्रस्तावित कार्य विवरण**

| क.स. | संचालन गरिने कियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| जम्मा | | | | |

नोट : सहकार्यमा भेडा, बाखापालन गर्ने फर्म र समुह र समिति र सहकारीले न्यूनतम अनुदान रकम वरावरको रकम

**७. उत्पादित वस्तुको बजार योजना**

**८. अपेक्षित वार्षिक प्रतिफल**

प्रस्ताव पेश गर्ने

समुह ,समितिको नाम :

सम्पर्क नम्वर : ठेगाना: गाउं/टोल वडा नं. जिल्ला

भेडा, बाखा पालन गरिने स्थान : लाभान्वित जनसंख्या

समुह समितिको तर्फबाट सहि गर्नेको महिला पुरुष

नाम : संस्थाको छाप: पद :

दस्तखत :

मिति :

अनुसूची - ३

**अपिहिमाल गाउँपालिका पशु सेवा शाखा संघिय सरकार ससर्त अनुदान एक वडा एक उत्पादन भेडा बाखा पालन कार्यक्रम संचालनको लागि समुहसँग गरिने सम्झौता पत्र ।**

**सम्झौता-पत्र**

अपिहिमाल गाउँपालिका पशु सेवा शाखा, ...................... मार्फत संचालन गरिने चालु आ.व. ............ को स्वीकृत लक्षित ................ कार्यक्रम संचालन गर्न पशु सेवा शाखा, (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा कृषक, समुह श्री ........................................ (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक कृयाकलापहरुको विस्तृत बजेट विवरणको आधारमा एक वडा एक उत्पादन अर्न्तगत सम्पुर्ण कृयाकलापहरुको आधारमा संचालन गर्नु पर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सन्चालन गरे नरेको अनुगमन गर्नेछन् ।

४. भेडा, बाखापालन गर्ने व्यवसायी कृषकहरुले पशु विमा अनिवार्य गर्नुपर्ने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपदमा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

पहिलो पक्ष
अपिहिमाल गाउँपालिका
तर्फबाट सहि गर्नेको

दोश्रो पक्ष
समुहको तर्फबाट सहि गर्ने को
नाम:

अपिहिमाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

प्रमुख प्रशासकीय अधिकृत

नाम: लक्ष्मण सिंह धामी
पद : प्रमुख प्रशासकिय अधिकृत
दस्तखत :
मिति :
सम्पर्क फोन नं :
कार्यालयको छाप :

रोहवर
पशु सेवा शाखा
शाखा प्रमुख

पद :
दस्तखत :
मिति :
सम्पर्क फोन नं.:

सस्थाको छाप

**प्रमाणिकरण मिति २०७७१०।११**

आज्ञाले,

लक्ष्मण सिंह धामी

प्रमुख प्रशासकीय अधिकृत

वि. प्रमुख प्रशासकीय अधिकृत